# लोक सेवा आयोग

राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको
आन्तरिक प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा
२०७४-११-१५

समय :- ३ घण्टा

पूर्णाङ्क :- १००

पत्र :- प्रथम
**विषय** :- प्रशासन र व्यवस्थापन

**तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

१. प्रशासनिक, राजनीतिक र न्यायिक प्रतिवद्धताको कमी लगायतका कारणहरूबाट नेपालमा भ्रष्टाचार मौलाउँदै गई विकास प्रकृया र सुशासनमा समेत गम्भीर असर परिरहेको तथ्यहरू बाहिर आइरहेको छ । विश्व बैंकको **Governance** सूचीमा नेपाल विश्वको सोन्हौं माथिल्लो श्रेणीको भ्रष्टाचार रहेको मुलुकमा रहेको छ । नेपालमा भ्रष्टाचार न्यूनीकरणका लागि संवैधानिक, कानूनी र संस्थागत संरचनाहरू, नीतिहरू कार्यान्वयन भैरहेकै छन् । राजनीतिक घोषणाहरू र प्रशासनिक प्रतिवद्धताहरू पनि दोहोऱ्याइएकै छ । तथापि राजनीतिक संरक्षणबाट समेत भ्रष्टाचार मौलाउँदै गएको र अहिलेकै अवस्था र प्रयासबाट भ्रष्टाचारमा कमी आउने सम्भावना न्यून रहेको आलेख र समाचार आइरहेकै सन्दर्भमा कस्ता नवीनतम, व्यवहारिक र कार्यान्वयनयोग्य उपायहरू भ्रष्टाचार न्यूनीकरणमा सहयोगी हुने विश्वास गर्नुहुन्छ? सुझाव प्रस्तुत गर्नुहोस् । १५

२. सरकारको कार्यक्षेत्रबारे पहिलो पटक प्रशासन सुधार आयोग २०४८ ले उजागर गऱ्यो । तत्पश्चात् मुलुकमा भएका राजनीतिक परिवर्तनले शासकीय स्वरूपमा आमूल परिवर्तन ल्यायो । नेपालको संविधानले राज्यशक्तिको प्रयोगलाई तीन तहमा विभक्त गरेको छ । यस्तो परिस्थितिमा सरकारको कार्यक्षेत्र संकुचन भएको छ वा विस्तारित भएको छ? संकुचनका क्षेत्र वा विस्तारका क्षेत्रहरू पहिचान गर्दै सरकारी भूमिकाको चर्चा गर्नुहोस् । १५

३. राज्यले समावेशीकरणको नीतिलाई अवलम्वन गरेर सामाजिक न्यायलाई सम्वोधन गर्न खोजेको छ । समावेशीताको सिद्धान्तलाई कार्यान्वयन गर्ने सिलसिलामा मानव विकास सूचकाङ्क (**Human Development Index**) लाई के कसरी समाहित गर्न सकिएला? संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम **UNDP** ले तयार पारेको **HDI** लाई आधार मानी अन्य मुलुकको सन्दर्भ (**Cross-Country Reference**) लाई समेत ध्यानमा राखी तथ्यपरक टिप्पणी प्रस्तुत गर्नुहोस् । १५

४. आर्थिक विकासका विशिष्टिकृत सूचकाङ्कहरू चौधौ योजनाको अवस्थामा आइपुग्दा पनि अपेक्षित गति लिन नसकिरहेको परिप्रेक्ष्यमा विकास कार्यलाई प्रभावकारी बनाई यसको गतिलाई तिव्रता प्रदान गर्न मुलुकको समग्र विकास नीतिलाई नै पुनः परिभाषित गर्नुपर्ने देखिन्छ । तपाई योजनाविद्को हैसियतमा विकास प्रशासनलाई आर्थिक विकासको परिपूरक (Complementary) बनाउन के कस्ता नीतिगत सुधारहरू प्रस्तुत गर्नुहुन्छ? स्पष्ट गर्नुहोस् । १५

५. दिगो विकासका लक्ष्यहरू (**Sustainable Development Goals, 2016-2030**) को पहिलो लक्ष्यमा गरिवी निवारण गर्नु र जनताको आधारभूत आवश्यकताको पूर्ति गर्नुलाई राखिएको छ । तदनुसार नेपालले पनि सन् २०३० सम्ममा गरिवीलाई पाँच प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेको छ । यो महत्वकांक्षी लक्ष्य पुरा गर्न आइपर्ने चुनौतीहरूको विश्लेषण गर्दै के कस्ता नीति, रणनीति र कार्यक्रम अवलम्वन गरेमा यो लक्ष्य प्राप्त गर्न सकिएला? व्यवहारिक सुझावहरू दिनुहोस् । १५

DOTNepal.com

नेपालमा लामो समयको प्रयास पछि जारी भएको नेपालको संविधानले राज्य पुनर्संरचना मार्फत् तीन तहमा अधिकार र कर्तव्य तोकेको छ । संविधानका विभिन्न धाराका प्रावधान तथा एकल, साभा, तिनै तहको साभा अधिकार सूची सहितका अनुसूचीबाट व्यवस्थित यी अधिकार र कर्तव्यहरू पुरा गर्न हुनुपर्ने तिनै तहको निर्वाचन पनि सम्पन्न भएको अवस्था छ । जनप्रतिनिधिहरू निर्वाचित् भएपछि एक प्रकारको संक्रमण कालको अन्त्य भएको मानिए तापनि ती जनप्रतिनिधिले प्रयोग गर्ने ऐन, नियम तर्जुमा हुन नसकेको मात्र हैन उनीहरूले गर्नुपर्ने निर्णयका लागि प्रकृया पुऱ्याई प्रस्ताव पेश गर्ने र निर्णय कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनका साथै सरकारले पुऱ्याउने सेवा सुचारु गर्न कर्मचारीको यथोचित व्यवस्थापन हुन नसक्दा सेवाग्राही अत्यन्त मर्कामा परेका छन् । राष्ट्रसेवक कर्मचारीको तीनै तहमा समायोजन हुने भनिए तापनि ऐन कानूनको अभाव र संरचनाको स्पष्टता नभएको तथा खटाइएको कर्मचारी पनि जेष्ठ/कनिष्ठको वहाना र कर्मचारी युनियन तथा संघ, संगठनको केही माग लगायतका कारण कर्मचारी ठाउँमा पुग्न सकेका छैनन् ।

माथि उल्लिखित अनुच्छेद अध्ययन गरी निम्नानुसार समस्या समाधान गर्नुहोस् । (५+९+५+६)=२५

क) माथि दर्शाइएको समस्याको पहिचान गर्नुहोस् ।

ख) समस्या समाधानका लागि विद्यमान संविधान, कानून र नीति तथा कार्यक्रमबारेमा जानकारी गराउनुहोस् ।

ग) समस्या समाधानका लागि संवैधानिक प्रावधान हेरी सुझाव प्रस्तुत गर्नुहोस् ।

घ) सुझाव कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्ने ठोस तरिका सहितको कार्ययोजना पेश गर्नुहोस् ।

<<<<समाप्त>>>>

DOTNepal.com